बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८२ साल पुष ४ गते शुक्रबार बसेको नगरकार्यपालिका बैठकबाट देहायबमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १८ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| १९ | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २० | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २१ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २४ | श्री राममणि अधिकारी | प्र. प्र. अ. (सदस्य सचिव) | |

CS Scanned with CamScanner

**बैठकका प्रस्तावहरु:**

१) कार्यसूचि स्वीकृतको लागि पेश गर्ने सम्बन्धमा,

२) बालविवाह मुक्त वडा घोषणा सम्बन्धमा,

३) विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा,

४) अनुमति दिने सम्बन्धमा,

५) प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत सम्बन्धमा,

६) खयरमारा खानेपानी योजनाको DESD स्वीकृत सम्बन्धमा,

७) रातुखोला खण्डको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को कार्यसूचि स्वीकृत सम्बन्धमा,

८) भव्सीखोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत सम्बन्धमा,

**बैठकका निर्णयहरु:**

१) प्रस्ताव नम्बर एक उपर छलफल गर्दा,भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,विकास सहायता कार्यान्वयन महाशाखा कमला ढल्केवर-पथलैया सडक योजना(पूर्वी खण्ड)को लागि आवश्यक नदीजन्य पदार्थ उत्खन्न को लागि डिभिजन वन कार्यालयको च.न. ४०९,मिति २०८२/८/२३ गतेको पत्रको प्राप्त पत्रानुसार बर्दिवास नगरपालिकाभित्र तपशिल बमोजिमका खोलाहरुको स्थानबाट नदिजन्य प्रदार्थ उत्खन्न गर्न वातावरण संरक्षण नियमावली २०७७ को नियम ५.१ बमोजिम तयार भएको कार्यसूचि स्वीकृत गरीयो र सोही नियमावलीको नियम ५(२)(ख) बमोजिम मधेश प्रदेश सरकार,वन तथा वातावरण मन्त्रालय समक्ष कार्यसूचि स्वीकृतिको लागि पेश गर्ने भनी निर्णय गरियो।

| क्र.स. | स्थान र खोलाको नाम |
|---|---|
| १. | बाँके खोला-उत्तरतर्फ |
| २. | मरहा खोला-उत्तरतर्फ |
| ३. | जंगा खोला-उत्तरतर्फ |
| ४. | भव्सी खोला-उत्तरतर्फ |
| ५. | रातु खोला-उत्तरतर्फ |

२) प्रस्ताव नम्बर दुई उपर छलफल गर्दा, बर्दिवास नगरपालिका वडा नं. १३ लाई यस नगरपालिकाको बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधि,२०८१ अनुसार सुचक पुरा गरेकोले मिति २०८२ पुष १२ गते शनिवारको दिन बालविवाह मुक्त वडा घोषणा गर्ने भनी निर्णय गरियो।

३) प्रस्ताव नम्बर तीन उपर छलफल गर्दा,स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२ पुष ३ गतेको निर्णय अनुमोदन गर्ने भनी निर्णय गरियो।

४) प्रस्ताव नम्बर चार उपर छलफल गर्दा, देहायबमोजिमको गैंरसरकारी संस्थाहरुलाइ परियोजना संचालन गर्नको लागि अनुमती दिने भनी निर्णय गरियो।

१. महिला उद्यमी महासंघ नेपाल

२. कारखाना समुह

३. चाँगुनारायण फाउण्डेशन

५) प्रस्ताव नम्बर पाँच उपर छलफल गर्दा, यस नगर क्षेत्र भित्रको भव्सी,जंगा र बेलगाछी खोलामा वर्षातको कारणबाट चुरे क्षेत्रबाट बगेर आयको ढुङ्गा,बालुवा,गिट्टी महेन्द्र राजमार्गको भव्सी,जंगा र बेलगाछी पुलको तल र माथि थुप्रिन गई पुल तथा दाया बाया रहेका बस्तीहरुमा जोखिम बढेको कारण मिति २०८२/०२/१९ को जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने भनी निर्णय गरियो साथै यस बाट संकलन हुने राजस्व विपद् व्यवस्थापन क्षेत्रमा खर्च गर्ने निर्णय गरियो।

६) प्रस्ताव नम्बर छ उपर छलफल गर्दा, खयरमारा खानेपानी योजनाको विस्तृत इन्जिनियरिङ अध्ययन तथा डिजाइन (DESD-Details Engineering Study and Design) स्वीकृत गर्ने भनी निर्णय गरियो।

७) प्रस्ताव नम्बर सात उपर छलफल गर्दा, रातुखोलाको ४ खण्ड (किसाननगर खण्ड, जुरेटोल खण्ड, फुलवारीटोल खण्ड र पथलैया खण्ड) को IEE को कार्यसूचि स्वीकृत गर्ने भनी निर्णय गरियो।

८) प्रस्ताव नम्बर आँठ उपर छलफल गर्दा, भव्सीखोलाको दक्षिणतर्फको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने भनी निर्णय गरियो।